# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

**मितिः २०७८।०११।१०**

## प्रेस विज्ञप्ति

समाचारको विषयलाई लिएर क्राइम टिभी नेपालका सञ्चालक कुशलव केसीमाथि काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-१ स्थित 'लाइफ भर्सेस इडिक्सन' सुधार गृहसम्वद्ध व्यक्तिहरुले गरेको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

सुधार गृहभित्रै मृत्यु भएका सोम दनुवारको बारेमा मृतकका परिवारको गुनासोका आधारमा घटनाको विवरणसहितको समाचार प्रसारण गरेको भन्दै सञ्चालक केसीमाथि सुधार गृहका व्यक्तिहरुले गालीगलौज गर्दै दुर्व्यवहार गरेका थिए ।

प्रसारित समाचारप्रति चित्त नबुझे त्यसको कानुनी उपचार खोज्न सकिने प्रावधान हुँदाहुँदै यस किसिमले प्रस्तुत हुनु आफैंमा निन्दनीय र प्रेस विरोधी काम हो । महासंघ घटनाको छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछ । साथै, सञ्चारमाध्यमलाई पनि समाचार संप्रेषण गर्दा समाचारको सत्यता तथा पत्रकार आचारसंहितालाई ध्यान दिन आह्वान गर्दछ ।

**रोसन पुरी**
**महासचिव**

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org